गोकुलगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु, रामेछाप

बागमती, प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२

चलानी न. १५०

मिति : २०८१/०४/३०

गोकुलगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप बागमती प्रदेश, नेपाल

श्री सामुदायिक विद्यालय सबै,

गोकुलगंगा गाँउपालिका,रामेछाप ।

**विषयः प्रधानाध्यापक नियुक्तिका लागि प्रस्ताव आह्वान सम्बन्धमा ।**

प्रस्तुत विषयमा विद्यालयको प्राज्ञिक र प्रशासकीय प्रमुख योग्य, सक्षम छनौट गरी विद्यालय शैक्षिक प्रशासनलाई संस्थागत गर्न र सामुदायिक विद्यालयको गुणस्तरमा व्यापक सुधार गरी कानुनतः गुणस्तरीय शिक्षा दिन गोकुलगंगा गाउँपालिकाको **शैक्षिक व्यबस्थापन कार्यविधि २०८१** मा भएको व्यवस्था र गाउँ शिक्षा समितिको मिति २०८१/०४/२८ गतेको निर्णय अनुसार यस गोकुलगंगा गाउँपालिका अन्तर्गत सम्पूर्ण सामुदायिक विद्यालयमा नयाँ प्रधानाध्यापक नियुक्ति एवम् छनोट गरिने भएकोले तपसिल बमोजिम सम्वन्धित विद्यालयले **१५** दिनभित्र योग्य शिक्षकहरुलाई **५ वर्षे विद्यालय विकास प्रस्ताव र वि.व्य.स.**को सिफारिस सहित प्रधानाध्यापक नियुक्तिका लागि यस कार्यालयमा सिफारिस गर्नु हुन अनुरोध छ ।

**तपसिल**

१. विद्यालय व्यवस्थापन समितिले बढीमा तिन जना शिक्षकहरुलाई नियम अनुसार प्रधानध्यापकका लागि सिफारिस गर्न सक्ने,

२. विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भएका विद्यालयहरुले वि.व्य.स गठन गरी प्र.अ.सिफारिस गर्नुपर्ने,

३. पेश भएका विद्यालय विकास प्रस्ताव र निवेदनका आधारमा नियमानुसार प्रधानध्यापक छनोट प्रक्रिया गरिने,

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०८१/०८२
चलानी न.

मिति : २०८१/०४/३०

**<u>गोकुलगंगा गाउँपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि २०८१ को नियम ५१ मा प्रधानाध्यापक सम्बन्धि व्यबस्था :</u>**

१.प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वकिृत दरवन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको व्यवस्था रहने छ ।

**२. माध्यमिक तहको लागि**

- माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधी प्राप्त सोही तहको जेष्ठ स्थायी शिक्षक हुनु पर्नेछ ,
- सोही तहको स्थायी शिक्षक स्नातकोत्तर योग्यता प्राप्त नभएमा स्नातक योग्यता प्राप्त सोही तहको जेष्ठ स्थायी शिक्षक,
- सो पनि नभएमा निम्न माध्यमिक तहको माथिल्लो योग्यता भएको जेष्ठ स्थायी शिक्षक,
- सो पनि नभएमा प्राथमिक तहको माथिल्लो योग्यता भएका जेष्ठ स्थायी शिक्षक,
- सो पनि नभएमा सोही तहको माथिल्लो योग्यता भएका जेष्ठ राहत तथा अनुदान शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालय शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ,
- विद्यालय व्यवस्थापन समितिले प्र.अ सिफारिस गर्दा सम्भाव्य बढीमा तिन जनासम्म प्राथमिकता अनुसार **विद्यालय विकास प्रस्ताव** सहित सिफारिस गर्नु पर्नेछ ।


Website: www.gukulgangamun.gov.np/Phone No: 9854043640/ Email: gokulganga.gapa@gmail.com

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०८१/०८२
चलानी न.

मिति : २०८१/०४/३०

गोकुलगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप बागमती प्रदेश, नेपाल

**३. आधारभूत तहमा : (१-५) र (१-८)**

- आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधी प्राप्त सोही तहको जेष्ठ स्थायी शिक्षक हुनु पर्नेछ,
- सोही तहको स्थायी शिक्षक स्नातक योग्यता प्राप्त नभएमा प्रविणता प्रमाणपत्र तह योग्यता प्राप्त सोही तहका जेष्ठ स्थायी शिक्षक,
- सो पनि नभएमा प्राथमिक तहको माथिल्लो योग्यता भएका जेष्ठ स्थायी शिक्षक,
- सो पनि नभएमा सोही तहको माथिल्लो योग्यता भएका जेष्ठ राहत तथा अनुदान शिक्षक मध्येबाट विद्यालय व्यबस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालय शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ,
- विद्यालय व्यवस्थापन समितिले प्र.अ सिफारिस गर्दा सम्भाव्य बढीमा तिन जनासम्म प्राथमिकता अनुसार विद्यालय विकास प्रस्ताव सहित सिफारिस गर्नु पर्नेछ ।

४. स्थायी शिक्षक नभएको कुनै अनुमति प्राप्त विद्यालयमा माथिल्लो तहको योग्यता भएको जेष्ठ राहत अनुदान शिक्षक प्रधानाध्यापक हुनेछ ।

५. एकै तहमा एकै पटक नियुक्ति शिक्षक भएको भए योग्यता, श्रेणीको आधारमा, र सो पनि बराबर भए तल्लो तहको स्थायी पदको पहिलो नियुक्तिलाई आधार मानिने छ ।

६. समान तह, समान योग्यता भए जेष्ठतालाई प्राथमिकता दिइने छ ।

७. प्रधानाध्यापकको अवधि ५ वर्षको हुनेछ । निज पुनः सो पदमा नियुक्त हुन सक्नेछ ।

**विद्यालय विकास प्रस्तावको नमूना**

१. विद्यालयको वर्तमान शैक्षिक र आर्थिक अवस्था :
२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धी :
३. वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचकगत अन्तर :
४. अपेक्षित उपलब्धी हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना :
५. कार्य योजना मूल्यांकनका सूचकहरु :

०८१/४/३०
नरेन्द्रसिंह भण्डारी
शिक्षा अधिकृत